ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २४४

२४ जेठ २०८० बुधबार

7 Jun. 2023, Wednsday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## मधेस प्रदेश सरकारको नीति तथा कार्यक्रम सार्वजनिक



**दिपक कर्ण**

**जेठ २३ गते, जनकपुर**

मधेस प्रदेश सरकारको नीति तथा कार्यक्रम सार्वजनिक भएको छ । मंगलबार बसेको प्रदेश सभाको पहिलो अधिवेशनको २०औं बैठकमा प्रदेश प्रमुख हरिशंकर मिश्रले सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् ।

प्रदेश सरकारले हरेक वर्ष असार १ गते वार्षिक बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ । त्यसअघि प्रदेश प्रमुखमार्फत नीति तथा कार्यक्रम सार्वजनिक हुने गरेको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रममा यस वर्ष पनि विगतकै कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी अभिवृद्धि, गरिबी न्यूनीकरण, दिगो विकास तथा पर्यावरण संरक्षण र सुशासनको प्रत्याभूतिलाई प्राथमिकतामा राखेको छ ।

प्रदेश सरकारको स्थापना पश्चात् पाँचवटा नीति तथा कार्यक्रम प्रस्तुत भइसकेको सन्दर्भमा विगतका नीति तथा कार्यक्रमको समीक्षा गर्दै आगामी वर्षभित्र कार्यान्वयन गर्न सकिने र ठोस नतिजा प्राप्त हुने कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्न जोड दिइने उल्लेख छ ।

सार्वजनिक क्षेत्रको अनुत्पादक खर्चलाई निरुत्साहित गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ । यसका लागि अनुत्पादक क्षेत्रमा बजेट विनियोजन गरिने छैन । प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व सम्बन्धी कानूनमा समसामयिक परिमार्जन गरी सार्वजनिक खर्च प्रणालीलाई थप पारदर्शी र जवाफदेही बनाइनेछ र वित्तीय अनुशासन कायम गरिने उल्लेख छ ।

चालू खर्चलाई पुँजीगत खर्चसँग आबद्ध गरी गैर बजेटरी खर्च न्यूनीकरण गरिनुको साथै अवण्डा रकम कानूनले अनिवार्य गरेको बाहेक राख्न पाइने छैन । आयोजनाहरुलाई प्रादेशिक आयोजना बैंकमा अनिवार्य रुपमा प्रविष्टि गरी प्रादेशिक आवश्यकता, क्षेत्रगत सन्तुलन एवं समन्यायीकताको सिद्धान्त अनुरुप बजेट विनियोजन गरी अपेक्षित प्रतिफल हासिल गरिनेछ ।

प्रदेश आयोजना बैंकमा पालिकाहरुको पहुँच बढाउन स्थानीय तहहरुको विकासमा महत्त्वपूर्ण योगदान दिन सक्ने योजनाहरु समावेश गरी स्रोत र साधनले भ्याएसम्म स्थानीय तहहरुको समन्वय र सहकार्यमा प्रादेशिक योजना सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

मधेश प्रदेशको समष्टिगत कृषि क्षेत्रको सम्भावना विकास तथा प्रवर्द्धनका लागि गुरुयोजना तयार गरिनेछ । जैविक विविधताको संरक्षण, सम्वर्द्धन, दिगो व्यवस्थापन एवं उपयोगको लागि आवश्यक रणनीतिहरु तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय मौलिक ज्ञान र प्रविधिको संरक्षण तथा सम्वर्द्धन गरिनेछ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्त्व सम्वर्द्धन अभिवृद्धिका लागि निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेती प्रणालीमा रुपान्तरण गरिनेछ। किसानलाई प्रत्यक्ष लाभ हुने गरी समयमै मल, उन्नत बीउ बिजन, प्राविधिक सेवा तथा अन्य आवश्यक सामग्रीहरुको उपलब्धताको सुनिश्चितता गर्नुको साथै वस्तुपरक आधारमा अनुदान सहयोग उपलब्ध गराइनेछ ।

कृषि क्षेत्रलाई प्रथमिकतामा राखेर उत्पादन र उत्पादकत्व वृद्धिका लागि प्रदेश र स्थानीय तहको सहकार्यमा बाँझो एवं उपयोग विहिन खेती योग्य जमीनको प्रयोग (कृषक समूह तथा कृषक सहकारीलाई लिजमा जमीन उपलब्ध गराउने व्यवस्था), 'एक टोल एक सामूहिक कृषि उत्पादन,' 'एक वडा एक विशेष उत्पादन' र 'एक पालिका एक उत्पादन क्षेत्र'लगायत कार्यक्रम सञ्चालन गरिनेछ । कृषिलाई प्रविधिमैत्री, व्यावसायिक, उच्च प्रतिफलदायी एवं मर्यादित पेसाको रुपमा रुपान्तरण गरिनेछ । कृषि उपजहरुको उत्पादन, प्रशोधन र भण्डारणमा सहयोग पुर्याउन स्क्रीन हाउस, भण्डार गृह, शीतभण्डार र बीउ प्रशोधन केन्द्र निर्माण गरिनेछ । अनुदानबाट निर्माणाधिन शीत भण्डारका अधुरो योजना यस आर्थिक वर्षमा सम्पन्न गरिनेछ । गौर राइस मिल प्रदेश सरकारको नियन्त्रणमा ल्याउन आवश्यक पहल गरिने उल्लेख छ ।

## ओली, लिङ्देन र लामिछानेको पुत्ला दहन



**खबर दर्पण समाचारदाता**

**जेठ २३ गते, महेन्द्रनगर**

नागरिकता विधेयक प्रमाणीकरणबारे सर्वोच्च अदालतबाट जारी अल्पकालिन अन्तरिम आदेशले मधेशी जनतामाथि गम्भीर प्रहार गरेको भन्दै धनुषामा दोस्रो दिन पनि विरोध प्रदर्शन गरिएको छ ।

सर्वोच्चको आदेशको विरोधमा धनुषाको मिथिला नगरपालिका २ नक्टाझिजमा नागरिकताविहिनहरुले मंगलबार दोस्रो दिन नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेन र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेकोरु पुत्ला दहन गरेका हुन् । सर्वोच्च अदालतले नागरिकता वितरण रोक्न आदेश दिएर लाखौँ मधेशीको भविष्यसँग खेलवाड गरेको भन्दै विरोध प्रर्दशन गरिएको छ ।

यसअघि उनीहरुले सोमबार पहिलो दिन ढल्केवर-जनकपुरधाम सडक खण्ड अन्तर्गत महेन्द्रनगरमा टायर बालेर प्रदर्शन गर्दै राजमार्ग अवरुद्ध गरेका थिए ।

राष्ट्रपति रामचन्द्र पौडेलले जेठ १७ गते नागरिकता विधेयक प्रमाणीकरण गरेका थिए । आइतबारबाट जिल्ला प्रशासन कार्यालयहरूले प्रमाणीकरण भएको विधेयकको आधारमा नागरिकता वितरण गर्ने सूचना समेत जारी गरेको थियो ।

तर, आइतबार नै सर्वोच्च अदालतले राष्ट्रपतिद्वारा प्रमाणीकरण गरिएको विधेयकलाई तत्काल कार्यान्वयन नगर्न आदेश दियो । उक्त आदेशपछि नागरिकता वितरण रोकिएको छ ।

## नागरिकता विधेयक : सर्वोच्चको आदेश बिरुद्ध जनकपुरधाममा बिरोध प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**जेठ २३ गते, जनकपुर**

नागरिकता विधेयक प्रमाणीकरणबारे सर्वोच्च अदालतबाट अल्पकालिन अन्तरिम आदेश आएपछि बिरोधमा मंगलबार पनि जनकपुरधाममा बिरोध पूदर्शन भएको छ ।

अदालतको यो आदेशले मधेशी जनतामाथि पुनः अर्को गम्भीर प्रहार भएको भन्दै जनकपुरधाममा बिरोध प्रदर्शन भएको हो ।

अदालतको आदेश बिरुद्ध विभिन्न राजनीतिक दलका विद्यार्थी संगठनहरुले प्रदर्शन गरेका हुन् । नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी, माओवादी केन्द्र निकट विद्यार्थी संगठनहरुले जनकपुरधामको जनक चोकमा बिरोध प्रदर्शन गरेका हुन् । यी विद्यार्थी संगठनहरुले संयुक्त रुपमा बिरोध प्रदर्शन गरेका हुन् ।

यता जनमत पार्टी निकट जनमत विद्यार्थी मञ्चले अलग्गै बिरोध प्रदर्शन गरेका हुन् । मञ्चले सर्वोच्चको आदेश बिरुद्ध प्रदर्शन गर्दै एमाले अध्यक्ष केपी शर्मा ओली, राप्रपा अध्यक्ष राजेन्द्र लिंग्देन र र स्वपाका अध्यक्ष रवि लामिछानेको पुतला दहन समेत गरेका हुन् ।

यस अघि मंगलबार सर्वोच्चको आदेशको विरोधमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालले उच्च अदालत तथा जिल्ला प्रशासन कार्यालय अगाडि विरोध प्रदर्शन गरेको थियो ।

सर्वोच्च अदालतले नागरिकता वितरण रोक्न आदेश दिएर लाखौं मधेशीको भविष्यसँग खेलवाड गरेको भन्दै लोसपा मदेश प्रदेशका अध्यक्ष जीतेन्द्र सोनलको नेतृत्वमा विरोध प्रर्दशन गरिएको छ ।

प्रदर्शनमा सहभागीहरूले नागरिकता ऐन लागू गर, संसदको सर्वोच्चता कायम गर, मधेशीलाई अनागरिक बनाउन मिल्दैन, नागरिकतामा राजनीति बन्द गर, राष्ट्रपतिले प्रमाणीकरण गरेको विधेयकको आधारमा नागरिकता वितरण गरजस्ता नारा लगाएका थिए ।

राष्ट्रपति रामचन्द्र पौडेलले जेठ १७ गते नागरिकता विधेयक प्रमाणीकरण गरेका थिए । आइतबारबाट जिल्ला प्रशासन कार्यालयहरूले प्रमाणीकरण भएको विधेयकको आधारमा नागरिकता वितरण गर्ने सूचना समेत जारी गरेको थियो ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# नेताहरु भ्रष्टाचारबाट अछुतो छ भन्ने ठोकुवा गर्न सकिँदै

गणतान्त्रिक मुलुकको रुपमा नेपाल सत्रहौं बर्षमा प्रवेश गरेको छ । मुलुकमा राजशाहीको अन्त्यपछि जनताका सन्तान मुलुकको सर्वोच्च पदमा आसिन हुने शौंभाग्य गणतन्त्रको देन हो । गणतान्त्रिक मुलुकको रुपमा स्थापित भएको सात बर्षपछि २०७२ को संविधानको माध्यमबाट विधिवत रुपमा सङ्घीय गणतान्त्रिक मुलुकको रुपमा स्थापित भयो । यो धेरै ठूलो उपलब्धि हो । यसको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व हामी सवैको हो ।

राणा शासनको अन्त्यपछि २००७ सालमा प्रजातन्त्रको उदय भयो । सात दसकको अवधिलाई विश्लेषण गर्दा २००७ सालदेखि २०१५ सालसम्म राजाद्वारा प्रधानमन्त्रीको नियुक्ति, २०१५ सालमा आमनिर्वाचनपछि विपी कोइरालाको नेतृत्वमा पहिलो निर्वाचित सरकारको गठन । २०१७ सालमा राजा महेन्द्रले सैनिक ‘कू’को माध्यमबाट निर्वाचित सरकारलाई अपदस्त गरी सत्ता आफ्नो हात लिएको थियो । विपी नेतृत्वको सो सरकारमात्र डेढ बर्ष रह् यो । २०४६ सालको अन्त्यमा जनआन्दोलनको वलमा २०१९मा जारी पञ्चायती व्यवस्थाको अन्त्य भयो । २०४७ सालमा विधिवत रुपमा मुलुकमा पुनःप्रजातन्त्रको स्थापना भयो । २०६५ सालमा मुलुक लोकतन्त्रबाट गणतान्त्रिक मुलुकको रुपमा परिणत भएर सत्रहौं गणतन्त्र दिवस जेठ १५ गते मनाइएको छ । पञ्चातकालको तीन दसक, प्रजातान्त्रिक र गणतन्त्रकाल गरी तीन दसक पुरा भएको छ । नेपालमा सवैभन्दा पहिले व्यवस्था परिवर्तन २००७ मा भयो । त्यसपछि पटक पटक व्यवस्था परिवर्तन हुँदै आएको छ । कुनैपनि मुलुकमा व्यवस्था परिवर्तन हुँदा शासनशैलीका साथै प्रत्येक क्षेत्र प्रभावित हुन्छ । केही महिनाको लागि मुलुक शुन्यता पुगेको आभाष हुन्छ । पुरानो विधिलाई परित्याग गरी नयाँ विधिमार्फत मुलुकमा शासन चल्छन् । त्यसकारण, शुरु शुरुमा राज्य सञ्चालनमा कठिनाइ हुन्छ ।यसो हेर्दा, नेपालमा चारपटक व्यवस्था परिवर्तन भएको छ । डेढ दसकदेखि मुलुक गणतन्त्रको मार्गमा अग्रसर छन् । अव यसलाई स्थायित्व प्रदान गर्नका लागि सुशासनका साथै आत्मनिर्भरताका लागि रोजगार क्षेत्रको निर्माण र कृषि क्षेत्रमा आमूल परिवर्तनको आवश्यकता छ । प्रत्येक क्षेत्र भ्रष्टाचार र कमिशनको चक्रब्यूहमा फसेको छ । सरकारी सम्पति र बजेटको व्यापक दुरुपयोग भइरहेको छ । लाखौं जनतालाई रोजगारका लागि विदेसिनुपरेको छ । कुनैपनि शीर्ष नेताहरु पनि भ्रष्टाचारबाट अछूतो छ, भन्ने ठोकुवा गर्न नसकिने अवस्था छ । उनीहरुको जीवनशैली उच्च धनाढ्यको रुपमा स्थापित भएको देखिन्छ ।


# प्रहरीले हिंसामा परेका एक आमा छोरीको उजुरी दर्ता गर्न नमानेको आरोप

**खबर दर्पण समाचारदाता**
**जेठ २३ गते, महोत्तरी**

महोत्तरी-जिल्ला प्रहरी कार्यालय महोत्तरीले हिंसामा परेका एक आमा छोरीको उजुरी दर्ता गर्न नमाने आरोप लगाइएको छ।

भंगहानगरपालिका वडा नं. ४ बस्ने ४० वर्षीया ललिता देवी महतोले आफ्नो श्रीमान्ले दोश्रो विवाह गरेको भनि बहुविवाह र आफू र १८ वर्षीया बालिका छोरी अल्पनाकुमारी महतोलाई कुटपिट गरि हिंसा गरेको कसुरमा गर्न गएको उजुरी जिल्ला प्रहरी कार्यालय महोत्तरीले दर्ता नगर्न नमानेको बताएकी छिन् ।

पीडितहरुले मानव अधिकारको क्षेत्रमा काम गर्ने अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) को महोत्तरी जिल्ला प्रतिनिधिलाई न्यायको लागि पहल गरिदिनु हुन भनि निवेदन दिएर सहयोग समेत माग गरेका छन् ।



पीडित बालिका अल्पना कुमारीका अनुसार जनप्रतिनिधि समेत रहेका बुवा ४२ वर्षीय गणेश प्रसाद महतो (भंगहा नगरपालिका वडा नं. ४ का वडाअध्यक्ष) ले लुकिछिपी कैलालीको धनगढी घरभई हाल काठमाण्डौंमा डेरा गरि बस्ने ४२ वर्षीया सीता क्षेत्रीसंग दोश्रो विवाह गरेर आफूहरु माथि हिंसा गरेको बताइन् ।

उनले दिएकी निवेदन अनुसार जेठ ६-७ गते बुवाले कुनै महिला संग भिडियो कल गरेर कुराकानी गर्दै गरेको सुनेर सोधपुछ गर्दा तिम्रो आमा र भाई हो भनेपछि आफूले खोजिनिति गरेको थिए। अल्पनाले भनिन्, “जेठ ९ गते राती ९ बजे तिर तैले मेरो खोजीनीति गर्ने भनेर आमालाई कुटपिट गर्न खोज्दा आमा कोठाभित्र पसेर चुकुल लगाउनु भएपछि बुवाले मलाई निर्घात कुटपिट गर्नुभयो ।”

कुटपिटको कारण अल्पनाको जिउभरि निलडाम र चोटपटक लागेको फोटोहरुबाट देखिएको छ। अल्पनाको चिउँडो र गालामा निलडाम देखिएको छ भने कुटपिटपछि लालगढ मोडल अस्पतालमा उपचार भएको उनले बताएकी छिन्।

अल्पनाले समाजिक संजाल टिकटक मार्फत आफू र आफ्नो आमा माथि बुवाले गरेको हिंसा बारे पोष्ट समेत गरेकीछिन् । आफ्ना बुबाले महिलाहरूसँग अनैतिक सम्बन्ध राखेको, ममीलाई झुक्याएर अर्कै घर जमसमेत गरेको उनले भिडियोमा बताएकी छिन्। उनले टिकटक मार्फत न्यायको पहल गरिदिनु हुन समेत सबैलाई आग्रह गरेकिछिन् । ‘बुबाको मोबाइलमा अस्वाभाविक हर्कतको विषयमा थाहा पाएपछि सोधेँ । बुबाले उल्टै कुटपिट गर्नुभयो,’ छोरी अल्पनाले भनिन्, ‘घरमा खाना खान कम आउने, ममीको कोठामा नसुत्ने, काली भइस् भन्ने गर्नुहुन्थ्यो।’

अध्यक्ष महतोको घरेलु हिंसा यो नै पहिलो भने होइन । २०६४ सालमा पनि पत्नी ललितालाई निर्घात कुटपिट गरेपछि प्रहरी कार्यालयबाट कागज गरेर मिलापत्र भएको पाइएको छ। कागजमा पत्नी र परिवारका सदस्यहरूलाई कुनै दुःख नदिने प्रतिबद्धता जनाए पनि पुनः घटना दोहोऱ्याएको स्थानीय बताउँछन्।

अध्यक्ष महतो वडामा निर्वाचित हुनुभन्दा पहिलेदेखि नै अर्की पत्नी रहेको पनि खुलासा भएको छ। तर , कान्छी पत्नी र छोराछोरीको विषयमा उनले गुपचुप बनाएको पत्नी ललितादेवीले बताइन्।

जनप्रतिनिधि बन्नुभन्दा पहिला अध्यक्ष महतो प्रायः बाहिर नै बस्ने गरेको पनि ललिताको भनाइ छ। ‘अहिले श्रीमान् घरमै बसे पनि सम्बन्ध भने श्रीमती-श्रीमानको जस्तो छैन,’ उनले भनिन् ।

पीडित आमा छोरीले सुरुमा इलाका प्रहरी कार्यालय वर्दिवासमा उजुरी दिन गएको बताए। तर वर्दिवासको इलाका अन्तर्गत भंगहा पर्ने जानकारी पाएपछि उनिहरु जिल्ला प्रहरी कार्यालय जलेश्वर पुगेर उजुरी दर्ता गराउन खोज्दा प्रहरीले उजुरी दर्ता नगरेको अल्पनाले गुनासो गरेकीछिन् ।

यस सन्दर्भमा जिप्रका महोत्तरीका प्रवक्ता डिएसपी दिलिपकुमार गिरिले आमा छोरी वहुविवाहको उजुरी लिएर आएको जानकारी दिनुभयो । डिएसपी गिरिको अनुसार आमा छोरीको कुराहरु सुनिसकेपछि आरोपितलाई प्रहरी कार्यालयमा बोलाउन लगाएको र उनिहरु प्रतिक्षालयमा बस्दै गर्नुभनेको थिए । तर जब आरोपित प्रहरी कार्यालय आएसकेपछि तल खोज्न पठाउँदा दुबैजना (आमा छोरी) हिडि सक्नु भएको रहेछ। उनले घटना १४-१५ वर्ष पुरानो भएकोले दुबैपक्षको कुरा नबुझि एकैपटक बहुविवाहको मुद्दा दर्ता गर्न नमिल्ने भएको हुँदा अहिले दर्ता नगरिएको र जाँचबुझ तथा अनुसन्धान गरी मात्र उजुरी दर्ता हुने जानकारी दिए । डिएसपी गिरिले दुबै पक्षलाई झिकाएर छलफल गर्ने प्रयास भइरहेको बताए।

यता पिडित आमा छोरी प्रहरीले मुद्दा दर्ता गर्न नमाने पछि सरकारी वकिलको कार्यालय मार्फत उजुरी दर्ताको तयारीमा जुटेका जुटेका छन् ।

यस घटना बारे छोरी र पत्नीले आरोप लगाएको जस्तो अवस्था नभएको अध्यक्ष महतोको दाबी छ। परिवारका लागि आफूले दायित्व निर्वाह गरिरहेको दाबी गर्दै आरोप लगाउनु नै रहस्यमय भएको महतोको भनाईछ।

अध्यक्ष महतोले भने, “मलाई जनताको काम गर्दा नै फुर्सद छैन। अनि घरमा कता झगडा गरेर बसौँ।”

२०६४ सालमा घरमा सामान्य झगडा पर्दा प्रहरीसमक्ष उक्त विषय पुगेपछि भने आत्मालोचना गरेको अध्यक्ष महतोले स्वीकार गरे। घटनाको पुष्टि भए आफू सजायको भागिदार हुने पनि अध्यक्ष महतोले बताए। छोरीले सामाजिक सञ्जालबाट बद्नाम गर्न खोजे पनि उनीहरूको उचित हेरचाह गर्न कहिल्यै पछि नपरेको अध्यक्ष महतोले जिकिर गरे।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# खुल्ला गौर हत्याकाण्डको फाइल ?

**खबर दर्पण समाचारदाता**

**जेठ २३ गते, महेन्द्रनगर**

आजभन्दा १६ वर्षअघि रौतहटको गौरमा भएको हत्याकाण्डविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएसँगै घटनामा संलग्नमाथि कारबाही हुने पीडित पक्षमा झिनो आश पलाएको छ। यद्यपि गौर नरसंहारलाई राजनीतिक रङ दिएर टीकापुर घटनाजस्तै खतमाफ गर्न सकिने सम्भावना कायमै छ।

आइतबार पीडित त्रिभुवन साहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई विपक्षी बनाएर मुद्दा दर्ता गराएपछि मुद्दाको पेशी सोमबारलाई तोकिएको थियो। गौर हत्याकाण्डको रिट न्यायाधीश कुमार रेग्मीको इजलासमा परेको थियो। तर उक्त मुद्दालाई हेर्न नभ्याइने सूचीमा राखिएपछि पुनः शंका उब्जिन थालेको छ। गौर हत्याकाण्डको पेशीलाई कतै सधैंका लागि हेर्न नभ्याइने लम्बेतान सूची बनाइने हो कि भन्ने चिन्तामा घटनाका पीडित छन्।

रौतहटको गौरमा रहेको राइस मिलमा ७ चैत २०६३ मा २८ माओवादी कार्यकर्ताको हत्या भएको थियो। तत्कालीन मधेसी जनअधिकार फोरम समर्थकले माओवादी कार्यकर्तामाथि भाला, छुरा, लाठीसहित आक्रमण गर्दा ठूलो संख्यामा हताहती भएको थियो। मधेसी जनअधिकार फोरमका अध्यक्ष त्यतिबेला उपेन्द्र यादव थिए। यादव हाल संघीय समाजवादी पार्टीका अध्यक्ष एवं सांसद छन्। दस दलीय गठबन्धनमा आबद्ध जसपाले हाल मधेस प्रदेशमा सरकार चलाइरहेको छ।

सर्वोच्चले घटनामा उपेन्द्रलगायतको संलग्नता किटानी गरे गठबन्धन सरकारलाई अप्ठेरो पर्ने निश्चित छ किनभने टीकापुर घटनामा तीन वटै अदालतले जन्मकैदको फैसला सुनाएका रेशम चौधरीलाई राष्ट्रपति रामचन्द्र पौडेलमार्फत आममाफी दिन लगाएर सरकारले नकाम गरेकामा नागरिक स्तरबाट विरोध भइरहेको छ। रेशम रिहाइबारे पुनः सर्वोच्चमा रिट दायर भएको छ। राजनीतिक लेपन लगाएर मान्छे मार्नेलाई आममाफी दिँदै जाँदा मुलुकभित्र दण्डहीनता बढ्ने निश्चित रहेको भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरिरहेका छन्।

मधेसी जनअधिकार फोरमले २०६३ चैत ७ मा गौरमा निकालेको जुलुस गौर नरसंहारका दोषीमाथि छानबिन गरी कानुनी कारबाही गर्न माग गर्दै सर्वोच्चमा रिट हाल्नुको कारण जिल्ला प्रहरी कार्यालय रौतहटले पीडित पक्षले जाहेरी दिँदासमेत बेवास्ता गरेकाले भएको जाहेरीकर्ता साह बताउँछन्। उनले भने, 'जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिँदा प्रहरीले दोषीमाथि छानबिन तथा मुद्दा दायर गरेन। पीडितले न्याय पाउन सर्वोच्च आउनुपरेको हो। हत्यामा फोरम सम्बद्ध नेता, कार्यकर्ता तथा आपराधिक समूहको हात रहेको प्रमाण अहिले पनि दिन सकिन्छ। घटनालाई राजनीतिक रङ दिइए आन्दोलनमा उत्रिन्छौं।'



साहले रिटमा उक्त घटनाको पुनः अनुसन्धान गरी मुद्दा दायर गर्न माग गरेका छन्। रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, जिल्ला प्रहरी कार्यालय रौतहट र जिल्ला सरकारी वकिलको कार्यालय रौतहटलगायतलाई विपक्षी बनाइएको छ।

**भएको के थियो ?**

७ चैत २०६३ दिउँसो १:४५ बजे माओवादी कार्यकर्ताले कार्यक्रम सुरु गर्नै लाग्दा मधेसी जनअधिकार फोरम सम्बद्ध नेता तथा कार्यकर्ताले मञ्चमै पुगेर आक्रमण गरेका थिए। उक्त आक्रमणमा परी २७ जनाको घटनास्थलमा र एक जनाको उपचारका क्रममा मृत्यु भएको थियो।

यसअघिका सरकारले गौर हत्यालाई राजनीतिक रङ दिएर घटना सामसुम पार्दै आए पनि सर्वोच्चमा मुद्दा परेपछि पुनः ब्युँतिएको छ। मधेसी जनअधिकार फोरममा आबद्ध अराजक समूहले माओवादी कार्यकर्तालाई अमानवीय ढंगले नृशंष हत्या गरेको थियो। माओवादी कार्यकर्तामाथि भालासमेत रोपेर हत्या गरिएको थियो। उक्त घटना हाल सत्ता गठबन्धनमा आबद्ध संघीय समाजवादी पार्टी अध्यक्ष एवं सांसद उपेन्द्र यादवको प्रत्यक्ष निर्देशनमा भएको ठानिन्छ। उपेन्द्र गौर नरसंहारपछि केही समय भारत पसेका थिए।

तत्कालीन नेकपा माओवादी र मधेसी जनअधिकार फोरम (हाल नेकपा माओवादी केन्द्र र संघीय समाजवादी पार्टी) को मुख्य नेतृत्व अहिले सरकारमा छ। 'मृतक सबैको टाउकोमा गहिरो चोट देखिन्थ्यो। उनीहरूलाई बाँसको भाटा, ढुंगा र इँटा प्रहार गरिनुका साथै आगोसमेत लगाइएको थियो,' त्यतिबेला अनौपचारिक सेवा केन्द्र (इन्सेक)ले गौर घटनापछि तयार पारेको स्थलगत अध्ययन प्रतिवेदनमा भनिएको छ।

उक्त प्रतिवेदनका अनुसार केही महिला (माओवादी)लाई नांगै पारेर बलात्कार गरिएको थियो। यौनांगमा उखुको डाँठ घोचेर यातना दिइएको, स्तन काटिएको र हत्या गरिएको प्रत्यक्षदर्शीले बताएका थिए भने कतिपयको रगत स्थानीय बौधीदेवीको मन्दिरमा समेत पाइएको प्रतिवेदनमा उल्लेख छ।

गौर अस्पतालले भने शव खोलेर परीक्षण नगरेको र बाहिरबाट मात्रै हेरी शव परीक्षण प्रतिवेदन फारम भरेका कारण महिलामाथि भएका भनिएका बलात्कार वा अन्य यौनजन्य हिंसाको औपचारिक पुष्टि नभएको त्यतिबेला बुलेटिन निकालेको थियो। तर इन्सेक प्रतिनिधिसँग मृतक रेखा परियारका परिवारले भनेका थिए, 'उनको लास क्षतविक्षत थियो। चिन्न सकिने अवस्था थिएन। देब्रे स्तन काटिएर छुट्टिन मात्रै बाँकी अवस्थामा थियो।' विभत्स र सामूहिक नरसंहार भएको १६ वर्षमा देशमा करिब २० वटा सरकार फेरिए, १२ जना प्रधानमन्त्री भए। नेपालको संघीय गणतान्त्रिक व्यवस्थासहितको नयाँ संविधानसमेत बनिसकेको छ। तर रौतहट घटनामा मारिएका परिवारले हालसम्म न्याय पाउन सकेका छैनन् भने घटनामा संलग्नहरू राजनीतिक आवरणमा मन्त्री तथा नेता बनिसकेका छन्। खुला रुपमा हिँडिरहेका छन्।

इन्सेक प्रतिवेदनका अनुसार रौतहटको गौरस्थित राइस मिल्स चौरमा फोरमले ७ चैत २०६३ मा आमसभा आयोजना गरेको थियो। फोरमको जिल्ला कमिटीले आयोजना गरेको आमसभाका लागि उसले केही दिन अघिदेखि नै प्रचार गरिरहेको थियो। सोही स्थानमा नेकपा माओवादी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाले कार्यक्रम जुधाएको थियो। कार्यक्रमका लागि चौरमा दुवैले १०० मिटरको दूरीमा मञ्च बनाएका थिए। बिहान ११ बजेदेखि नै फोरमको जुलुसले नगर परिक्रमा गरिरहेको थियो।

फोरमको कार्यक्रममा सहभागी हुन गाउँगाउँबाट मानिस आएका थिए। पौने २ बजे माओवादीको जुलुस सुरु भयो। कार्यक्रमका लागि उसले विभिन्न जिल्लाबाट ट्रकमा वाइसिएल कार्यकर्ता ल्याएको थियो। दुवैको जुलुस जम्काभेट हुँदा एकअर्कालाई ताली बजाएर स्वागत गरेका थिए। माओवादी जुलुस गरिरहेकै समय फोरमको कार्यक्रम सुरु भयो। फोरमका केही कार्यकर्ताले माओवादीको मञ्च भत्काइदिए। माओवादी कार्यकर्ताले सहने कुरै भएन। केही बेरमै उनीहरू पनि फोरमको मञ्चमाथि जाइलागे। तोडफोड गर्न थाले। हानाहान भयो। घटनामा संलग्नताबारे फोरम लामो समयसम्म मौन रह्यो। स्थानीय नेता तथा कार्यकर्ता जिल्ला बाहिर बसे। १७ चैतमा उपेन्द्र यादवले वक्तव्य जारी गर्दै प्रचण्ड र गृहमन्त्री कृष्णप्रसाद सिटौलाले घटनाको जिम्मेवारी लिनुपर्ने बताएर घटनामा आफ्नो संलग्नता अस्वीकारेका थिए। जिल्ला अदालत रौतहटमै १३ वर्षदेखि यादवविरुद्धको जाहेरी विचाराधीन अवस्थामा छ।

कार्यक्रम स्थलमा गोलीका आवाज सुनिए। भागाभाग मच्चियो। सुरुमा माओवादी मञ्चमै ६ जनाको लास भेटिएको थियो। गौर नगरपालिका क्षेत्रभन्दा बाहिर हजमुनिया गाविसमा ११, मुडवलवा गाविस जाने बाटोमा २ जना, लक्ष्मीपुर बेलविछुवा गाविसमा २ जना तथा उपचारका क्रममा गौर अस्पतालमा ४ जना र भरतपुर लैजाँदै गर्दा बाटोमा २ जनाको मृत्यु भएको थियो। फोरम कार्यकर्ताले २७ माओवादीलाई छानीछानी, कुटीकुटी हत्या गरेकामा ५ महिला र २२ पुरुष थिए।

माओवादी कार्यकर्ताहरू अन्य जिल्लाबाट आएको हुनाले घटनास्थलबाट भागे पनि उनीहरूलाई भूगोलको राम्रो ज्ञान थिएन। त्यसैले उनीहरू सहजै फोरम पक्षको कब्जामा परे। मकवानपुरतिरका केही वाइसिएल कार्यकर्तालाई वीरगञ्ज लैजाने भनी झुक्याएर गौर पुर्याइएको थियो।

त्यतिबेला गठबन्धनमा रहेका आठ दलले छानबिन गरी यथार्थ विवरण अगाडि ल्याई दोषीउपर कडा कारबाही गर्न माग गरे। 'घटनाप्रति बैठक गम्भीर चिन्ता व्यक्त गर्दछ,' त्यतिबेला बसेको आठ दलको बैठकपछि जारी विज्ञप्तिमा भनिएको थियो, 'घटनाको छानबिन गरी यथार्थ विवरण अगाडि ल्याई दोषीउपर कडा कारबाही गर्न र घाइतेको उपचारको व्यवस्था होस्।' हालका प्रधानमन्त्री एवं उबेलैदेखि पार्टी अध्यक्ष रहेका पुष्पकमल दाहाल प्रचण्डले यो प्रकरणमा दरबारिया प्रतिगामी तत्त्व, भारतीय अति हिन्दुवादी-विस्तारवादी र शान्तिविरोधी विदेशी प्रतिगामी शक्तिको साँठगाँठ रहेको विज्ञप्ति निकालेका थिए। उनले ८ चैतमा विज्ञप्ति जारी गर्दै फोरमलाई प्रतिबन्ध लगाउन माग गरेका थिए। घटनामा संलग्नताबारे फोरम लामो समयसम्म मौन रह्यो। स्थानीय नेता तथा कार्यकर्ता जिल्ला बाहिर बसे। १७ चैतमा उपेन्द्र यादवले वक्तव्य जारी गर्दै प्रचण्ड र गृहमन्त्री कृष्णप्रसाद सिटौलाले घटनाको जिम्मेवारी लिनुपर्ने बताएर घटनामा आफ्नो संलग्नता अस्वीकारेका थिए।

*नेपाल समयबाट*



# जनकपुरधाममा जारी टि-२० मा सुदूरपश्चिम ५० रनले विजयी



नकपुरधाममा जारी रहेको महेन्द्रनारायण निधि टि-२० राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत आज भएको खेलमा सुदूरपश्चिम प्रदेश ५० रनले बागमतीलाई पराजित गर्दै विजयी भएको छ ।

नेपाल क्रिकेट संघ मधेश प्रदेशको आयोजना तथा मधेश प्रदेश सरकारको शिक्षा तथा समाज कल्याण मन्त्रालयको आर्थिक सहयोगमा जनकपुरधामको रजौलमा निर्माणाधीन अवस्थामा रहेको रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालामा बिहानको खेलमा सुदूरपश्चिम प्रदेशले ८ विकेटको क्षतिमा १२८ रन बनाएको थियो । सुदूरपश्चिम प्रदेशका तर्फबाट दिपक बोहोराले २८, गजेन्द्र बोहोराले २५, नारायण जोशीले १९ र राजु रिजालले १० रन बनाएका थिए । बागमती प्रदेशका तर्फबाट बलिङ गर्दै ईशान पाण्डेले ३ विकेट, दिपेश श्रेष्ठले १ र सुभाष खत्रीले १ विकेट लिएका थिए ।

१२९ रनको लक्ष्य सहितका खेल मैदानमा आएका बागमती प्रदेशले २० ओभरको खेलमा ९ विकेटको क्षतिमा ७८ रन मात्र जोडेका छन् ।

बागमतीका तर्फबाट गौरव खड्का ११, राजन ढकालले २० तथा सुभाष कंशाकारले ११ रन बनाएका थिए भने अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । सुदूरपश्चिमका तर्फबाट नरेश साउद, मिलन बोहोरा र सिरा मल्लले समान २-२ विकेट लिएका थिए ।

टि २० क्रिकेट अन्तर्गत दोस्रो खेल कर्णाली र कोशी प्रदेशका बीचमा भइरहेको छ । कर्णाली प्रदेशले शुरुमा ब्याटिङ्ग गर्दै २० ओभरमा ९ विकेटको क्षतिमा ८६ रन बनाएका छन् । ८७ रनको लक्ष्य सहित कोशी प्रदेश ब्याटिङ्ग गरिरहेको छ ।

# नेपालको आर्थिक विकासमा प्रधानमन्त्रीको भारत भ्रमण उपलब्धिमूलक : उद्योगमन्त्री रिजाल



**अजयकुमार झा**

**जेठ २३ गते, जनकपुर**

उद्योग वाणिज्य तथा आपूर्तीमन्त्री रमेश रिजालले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमण नेपालको आर्थिक विकासका लागि निक्कै उपलब्धिमूलक भएको बताउनुभएको छ ।

उद्योगमन्त्री रिजालले जनकपुरधाम उद्योग वाणिज्य सङ्घद्वारा आज सङ्घको राजर्षि सभा हलमा आयोजना गरिइएको व्यापारिक अन्तरक्रिया कार्यक्रममा भारत भ्रमणको क्रममा नेपालको जल विद्युत्, पर्यटन तथा व्यापारको क्षेत्रमा पनि उपलब्धिमूलक भएको बताउनुभयो ।

उहाँले वर्तमान सरकार मुलुकको विकासका लागि सम्भावित सबै क्षेत्रलाई चलायमान बनाउन चाहेको बताउँदै गरिखानेलाई सरकारले सबै प्रकारको समस्याको समाधान तथा सहयोग गर्नका लागि तयार भएको र त्यसै अनुसारको नीति तथा कार्यक्रम ल्याएको बताउनु भयो ।

उहाँले जनकपुरधाम क्षेत्रमा रहेको जनकपुर चुरोट कारखाना सरकारले चलाउने पक्षमा नभएको बताउँदै चुरोट उत्पादन गर्ने सरकारको काम पनि नभएको स्पष्ट पार्दै यस ठाउँको प्रयोग अन्य काममा लगाउनका लागि संघीय सरकार सहयोग गर्न तयार भएको बताउनुभयो ।

उद्योगमन्त्री रिजालले मुलुकको समृद्धि र विकासका लागि औद्योगिक विकास आवश्यक भएको बताउँदै सरकारको काम आफैले उद्योग चलाउने होइन निजी क्षेत्रलाई उद्योग र व्यापार गर्नका लागि प्रोत्साहन गर्ने भएको बताउनुभयो ।

उहाँले मुलुकमा केही काम गर्न चाहनेका लागि लाइसेन्स प्रदान गर्ने प्रक्रियालाई सरल बनाइएको बताउँदै मुलुकको आर्थिक अवस्था अहिले ठिक नभएको बताउँदै सरकार आर्थिक अवस्थामा सुधार गर्नका स्थानीय उत्पादनमा जोड दिने पक्षमा रहेको बताउनुभयो ।

मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादवले औद्योगिक विकास विना समृद्ध नेपाल तथा सुखी नेपालीको लक्ष्य हाँसिल गर्न कठिन भएको बताउँदै युवालाई रोजगारीमा नलगाएसम्म मुलुकलाई अगाडि बढाउन कठिन भएको बताउनुभयो ।

उहाँले मधेश प्रदेशमा कृषि तथा कृषिमा आधारित उद्योगको सम्भावना व्यापक भएको बताउँदै कृषिको विकासका लागि सिँचाई तथा रासायनिक मलको आपूर्ति सहज बनाउन आवश्यक रहेको स्पष्ट पार्नु भयो ।

कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले जनकपुर क्षेत्रको औद्योगिक, व्यापारिक तथा पर्यटकीय क्षेत्रको विकासका लागि आवश्यक सुझाव सहितको पाँच बुँदाको ज्ञापनपत्र बुझाउनु भएको छ ।

कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य आनन्द प्रसाद ढुङ्गाना, जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष एवं जनकपुरधाम उपमहानगर पालिकाका पूर्व प्रमुख बजरङ्ग प्रसाद साह सहितका वक्ताहरूले बोल्नु भएको थियो ।

# राष्ट्रपति पौडेलको जनकपुरधाम भ्रमण स्थगित



**जनकपुर** / अगामि जेठ ३१ गते हुने भनिएको राष्ट्रपति रामचन्द्र पौडेलको जनकपुरधाम भ्रमण स्थागित भएको छ । भ्रमणको व्यवस्थापनको पहलकदमी लिएको जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले मौसमको प्रतिकुलता र राष्ट्रपति पौडेलको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै तत्कालका लागि भ्रमण र त्यससंग सम्बन्धित सम्पुर्ण कार्यक्रम र छलफलहरु स्थगित भएको जानकारी दिएका छन् ।

उनले भने, 'भ्रमणको विषयमा वृहत छलफलका लागि भोली बुधवार विहान धनुषाका सबै सांसद र पालिका प्रमुख लगायतकालाई बोलाएका थियौं त्यो पनि स्थगित भएको छ ।' हाललाई भ्रमण सम्बन्धित जानकारी गराइएका सम्पुर्ण कार्यक्रम र बैठक समेत स्थगित भएको उनले जानकारी गराएका छन् । भ्रमण तत्काल स्थगित भएको र समय अनुकुल मिलाएर वहाँको जनकपुरधाम भ्रमण छिट्टै हुने पनि उनले बताए ।

# गौशला नगरप्रमुखलाई स्थानीय दलहरुद्वारा ध्यानाकर्षणपत्र



**गौशाला** / गौशालाका नगर प्रमुख डा. दिपेन्द्र महतोलाई सर्वदलीय ध्यानाकर्षण पत्र बुझाइएको छ । मंगलबार गौशाला नगरपालिकाका नगर प्रमुख डा. महतोलाई स्थानीय सक्रिय दलका प्रतिनिधिहरुले कुनै पनि वडा संग रिसिवी नगर्न नगराउनका निम्ति ध्यानाकर्षण पत्र बुझाएको नेपाली कांग्रेसका दशरथ महतोले बताए ।

वडा कार्यालयका वडा अध्यक्ष र वडा योजनाहरु मध्य स्ट्रिट लाइट खरिद तथा जडान योजना आ.व. २०७९/०८० मा संचालन गर्न र आउने आ.व. मा समेत वडा संग कुनै रिसिवी नगर्न नगराउन ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ ।साथै ध्यानाकर्षण पत्रमा नेपाली कांग्रेस , नेकपा माओवादी केन्द्र , नेकपा एमाले, लोसपा , जनमत पार्टी , राप्रपा र जसपा पार्टीका प्रतिनिधिहरुको संयुक्त हस्ताक्षर रहेको छ।

# चोरीको भैँसीसहित एक जना पक्राउ



**खबर दर्पण समाचारदाता**

**जेठ २३ गते, महेन्द्रनगर**

धनुषा प्रहरीले दुईवटा चोरीको भैँसीसहित एक जना पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धनुषाको मिथिला विहारी नगरपालिका ७ बस्ने ३७ वर्षीय बली मुखिया रहेका छन् ।

गत २१ गते रातिको समयमा मिथिला विहारी ६ पथरा टोलका सुबलाल यादवको गोठबाट मुखियाले २ वटा भैँसी चोरी गरेका थिए ।

तारापट्टी टोलस्थित भित्री सडक खण्डमा भैँसीलाई पैदल हिँडाइरहेको अवस्थामा इलाका प्रहरी कार्यालय धनुषाधामबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको थियो ।

मुखियालाई चोरीसम्बन्धी कसुर मुद्दामा धनुषा जिल्ला अदालतबाट ५ दिन म्याद थप गरी अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
गौशाला नगरपालिका कार्यालय
महोत्तरी

# सँसारीमाईको पूजामा अश्लिल नृत्य वा अरकेष्ट्रा आयोजना नगर्न चेतावनी

**खबर दर्पण समाचारदाता**

**जेठ २३ गते, महोत्तरी**

जलेश्वरमा प्रत्येक पाँच-पाँच बर्षमा मात्र मनाईने सँसारीमाईको पूजामा अश्लिल नृत्य वा अरकेष्ट्रा आयोजना नगर्न स्थानीय युवाहरुले चेतावनी दिएका छन् ।

सँसारीमाई पूजामा टिकटोकिया र अरकेष्ट्रा नाच्ने नचनियाँ ल्याउने योजना बनाएपछि समितिको विरुद्धमा युवाहरुले त्यस्तो चेतावनी दिएको हो ।हिन्दुहरुको आस्थाको केन्द्र रहेको सँसारीमाई पूजामा हिन्दु सँस्कार र सँस्कृति विरुद्धको कार्यक्रम गराउन खोजेको आरोप सहित युवाहरुले सिडिओलाई त्यसको अनुमति नदिन ज्ञापन पत्र समेत बुझाएका छन् ।



टिकटोक बन्द सँघर्ष समितिका युवाहरुले सँसारीमाई पूजामा कलाकार प्रिति पासवानलाई नचाउने योजना बनाएपछि युवाहरुले विरोध जनाउँदै चेतावनी दिएका हुन् ।कलाकार पासवान सहित अन्य कुनै त्यस्ता अश्लिल नृत्य , सँस्कार सँस्कृति विरुद्ध नाच्ने नचयिनाँ वा नटुवालाई पूजामा मनोरञ्जनको दृष्टिकोणले ल्याए समिति सहितलाई कारवाही गर्ने चेतावनी दिइएको छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा